बीमा समिति
BEEMA SAMITI
नेपालको बीमा नियमनकारी निकाय
Insurance Regulatory Authority of Nepal

# प्रेस विज्ञप्ति

## कोरोना भाइरस (COVID-19) बीमालेख सम्बन्धमा

हाल विश्वभर महामारीको रुपमा फैलिरहेको कोरोना भाइरस (COVID-19) बाट अधिकांश मुलुकहरु प्रत्यक्ष रुपमा प्रभावित भइरहेको सन्दर्भमा नेपालमा पनि विभिन्न स्थानहरुमा गरी हालसम्म १६ जनामा कोरोना भाइरस (COVID-19) को संक्रमण पुष्टि भइसकेको छ । यस सन्दर्भमा उक्त रोग (COVID-19) नेपालमा अझै फैलन सक्ने अवस्था तथा सम्भावनालाई समेत मध्यनजर गरी कोरोना भाइरस (COVID-19) बाट उत्पन्न हुन सक्ने जोखिमको आर्थिक सुरक्षण प्रदान गर्न तथा विशेषगरी ग्रामीण स्तरसम्म न्यून आय भएका वर्गलाई समावेश गर्ने उद्देश्यले तपशील बमोजिमका विशेषताहरु रहने गरी कोरोना भाइरस (COVID-19) सम्बन्धी बीमालेख जारी गर्न सबै निर्जीवन बीमा कम्पनीहरुको बीमा पुल मार्फत निर्देशन गरिएको व्यहोरा जानकारी गराइन्छ ।

**बीमालेखमा भएका विशेषताहरु :**

१. हाल विद्यमान रहेको घातक रोग (Critical Illness) सरहको बीमालेख अनुसार हुने गरी गर्ने,

२. उपरोक्त बीमा अन्तर्गत दुई श्रेणीको (क र ख) बीमाङ्क कायम गर्ने,

**क) रु. १ लाखको बीमाङ्क :**

उपरोक्त बीमाको लागि 'क' श्रेणी अन्तर्गत व्यक्तिगत रुपमा बीमा गर्दा प्रति व्यक्ति रु. १ (एक) हजार बीमाशुल्क कायम गर्ने । तर, परिवारका सम्पूर्ण सदस्यको समेत गर्ने गरी बीमा समावेश भएमा प्रति व्यक्ति रु. ६ (छ) सय बीमाशुल्क कायम गर्ने ।

**ख) रु. ५० हजारको बीमाङ्क:**

उपरोक्त बीमाको लागि 'ख' श्रेणी अन्तर्गत व्यक्तिगत रुपमा बीमा गर्दा प्रति व्यक्ति रु. ५ (पाँच) सय बीमाशुल्क कायम गर्ने । तर, परिवारका सम्पूर्ण सदस्यको समेत बीमा समावेश भएमा प्रति व्यक्ति रु. ३ (तीन) सय बीमाशुल्क कायम गर्ने ।

३. दाबीको लागि बीमा सुरु भएको १५ (पन्ध्र) दिनसम्म प्रतिक्षा अवधि रहने,

४. दाबी भुक्तानीका लागि कोरोना भाइरस (COVID-19) पुष्टि हुने Polymerase Chain Reaction (PCR) Test Positive हुनासाथ दाबी योग्य हुने,

५. उपरोक्त बमोजिमको कोरोना भाइरस (COVID-19) बीमाको व्यवस्थापन लघुबीमा अन्तर्गत मौजुदा लघु बीमा पुल मार्फत गर्ने,

६. उपरोक्त बीमालेखहरु जारी गर्दा हाल कृषि बीमा तथा घुम्ती बीमाका लागि तोकिएको जिल्लाहरुमा कार्यरत बीमा कम्पनीहरुले अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्ने ।

**मिति:** २०७७।०१।०४

(राजुरमण पौडेल)
कार्यकारी निर्देशक

पो.ब.नं. २१७२, कुपण्डोल-१०, ललितपुर, नेपाल, फोन: ०१-५५२१०७९, ५५३८७४३, फ्याक्स: ०१-५५२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९
P.O. Box No.: 2172, Kupandole-10, Lalitpur, Nepal, Phone: 01-5521079, 5538743, Fax: 01-5520119, Toll Free No.: 1660-01-56789
URL: www.bsib.org.np, E-mail: bsib@wlink.com.np, info@bsib.org.np